तुरुन्त प्रकासनका लागि

जेनेभा, काठमाण्डौ, जून २६, २०२०

# नेपाल: नया फौज्दारी कानुनका वावजुद पनि यातनाजन्य कार्यमा दण्डहीनता कायम ।

यातना पीडितको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवसको अवसरमा इन्टरनेशनल कमिसन अफ जुरिष्ट (आईसीजे), एडभोकेसी फोरम र तराई मानव अधिकार रक्षक संजाल (थर्ड एलायन्स) ले नेपालमा हुने यातनाका घटनाहरुमा अनुसन्धान र अभियोजनको कार्यमा सरकारी संयन्त्र असफल भएकोमा चिन्ता व्यक्त गरे ।

यातनालाई अपराधको रुपमा मानी ल्याईएको मुलुकी अपराध (संहिता) ऐन २०७४ को प्रावधानको कार्यान्वयन भएको झण्डै दुईबर्ष बितिसकेको छ, तर ती प्रावधानहरू बमोजिम कुनै पनि मुद्दा चलाइएको छैन । दुर्व्यवहारका निकै कम घटनाहरू छन् जसमा पीडितहरूले प्रभावकारी उपचार र क्षतिपूर्ति पाएका छन्। नेपालले नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा २(३) र यातना बिरूद्ध महासन्धिको धारा १४ अन्तर्गत आफ्नो दायित्व पूरा गर्न असफल भएको छ।

"नेपालको अन्तर्राष्ट्रिय कानुन अन्तर्गत अपराधीहरुलाई यातना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको लागि उत्तरदायी राख्नु पर्ने दायित्व छ। यसमा यातना बिरूद्धको महासन्धि र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दायित्व पनि समावेश छ," आईसीजे एशिया-प्रशान्त निर्देशक फ्रेडरिक रावस्कीले भने। " यातनालाई अपराध मानी ल्याईएको मुलुकी अपराध (संहिता) ऐन २०७४ को प्रावधान लागू भएको दुई वर्ष बितिसक्दा पनि सरकारले यातनाको कुनै पनि कार्यलाई प्रभावकारी रुपमा अभियोजन गर्न सकेको छैन, जसकारण यातनाका घटनाहरुमा लगातार रुपमा जारी छ।"

एडभोकेसी फोरम र थर्ड एलायन्स दुबै संस्थाहरुले आज प्रकाशित गरेको प्रतिवेदनहरुले गत बर्षमा थुनुवाहरु विरुद्ध यातना र अन्य दुर्व्यवहारका घटनाहरु दस्तावेजीकरण गरेका छन् । अन्तर्वार्तामा गरिएको १००० भन्दा बढी कैदीहरूमध्ये करिब २० प्रतिशतले प्रहरीको हिरासतमा गैरकानूनी रुपमा अपमानजनक व्यवहारको रिपोर्ट गरे।

"केही स्थानमा थुनुवाहरुलाई गरिने व्यवहारहरुमा  केही सुधार भएको देखिएतापनि, यातना र दुर्व्यवहार एकदमै प्रचलनमा रहेको छ," एडभोकेसी फोरमका कार्यकारी निर्देशक ओमप्रकाश सेन ठाकुरीले भने । " सोधपुछको समयमा सामान्यतया दुर्व्यवहार वा बलपूर्वक प्राप्त गरिने बयानमा प्रहरी अझै पनि निर्भर रहेको छ, जुन प्रभावकारी छानबिनको विपरीत रहेको छ।  अनुसंधान प्रक्रिया अन्तर्राष्ट्रिय कानून र मापदण्डको अनुरूप सुनिश्चित गर्नका लागि हाम्रो प्रहरी निकायहरुलाई व्यापक सुधारको आवश्यकता छ। "

यातना तथा दुर्व्यवहारका घटनाहरुमा न्यायका लागि पीडितहरूले अनुभव गरिरहेको अपठ्यारा र चुनौतीहरूको विश्लेषण गरी थर्ड एलायंसको छुट्टै प्रतिवेदनले फौजदारी न्याय प्रणालीमा जवाफदेहीका लागि यातना पीडितहरूले सामना गरिरहेको जटिल चुनौतिहरूको अभिलेखिकरण गरेको छ । दुर्व्यवहारको आरोपबारे जाहेरीहरु दर्ता गर्न प्रहरीले बारम्बार अस्वीकार गरेको, हदम्यादको कारणले यातना तथा दुर्व्यवहारका घटनाहरुमा अभियोजन हुननसकेको र स्वतन्त्र प्रहरी अनुसन्धानको कमीजस्ता चुनौतीहरु रहेका छन् ।

"राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालयलगायत न्याय र मानव अधिकार क्षेत्रका सरकारी निकायहरुले बारम्बार सार्वजनिक रुपमा प्रतिबद्धताका बाबजुद यातना पीडितहरू अझै पनि आफ्नो आवाज सुनाउन वा मुद्दा चलाउन संघर्ष गरिरहेछन्।" थर्ड एलायंसका कार्यकारी निर्देशक मोहन कुमार कर्णले भने । "पीडितहरुको समस्यालाई सम्बोधन गर्न र भविष्यमा हुने यातना र दुर्व्यवहारका घटनाहरु रोकथाम गर्नका लागि सबल थुना अनुगमन तथा आन्तरिक जबाफदेही संयन्त्र स्थापना गर्नेजस्ता नीतिहरुको बनाउनका लागि हामी संघीय र प्रादेशिक दुबै तहमा रहेका सरकारी निकायहरुसँग आग्रह गर्दछौं ।"

यातना पीडितहरुको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवसको अवसरमा हामी तीनै संस्थाहरु नेपाल सरकारसमक्ष देहायबमोजिमका आग्रह गर्दछौं ।

- मुलुकी अपराध (संहिता) ऐन २०७४ को फौजदारी प्रावधानअन्तर्गत यातना तथा दुर्व्यवहारका सबै आरोपहरुमाथि तत्काल, पूर्ण, निष्पक्ष र प्रभावकारी अनुसन्धान, र अभियोजन गर्न ।
- प्रहरीको संलग्नतामा हुने यातना र दुर्व्यवहारको आरोपहरुलाई छानबिन गर्न छुट्टै स्वतन्त्र संयन्त्रको स्थापना गर्नुका साथै प्रहरीनिकायभित्र संरचनागत सुधार गर्न ।
- यातना र दुर्व्यवहारको आरोपहरुलाई सम्बोधन गर्नका लागि गरिने अनुसन्धान, अभियोजन तथा अन्य कार्यवाहीहरुको सुचनाहरु सार्वजनिक रुपमा उपलब्धताको सुनिश्चित गर्न ।

- यातना मुद्दामा हदम्यादको प्रावधानलाई हटाउन र यातनाको परिभाषालाई अन्तर्राष्ट्रिय कानून अनुरूप सुनिश्चित गर्न मुलुकी अपराध (संहिता) ऐन २०७४ र अन्य सम्बन्धित कानुनी प्रावधानहरुलाई संशोधन गर्न ।
- थुना कक्षहरुको अनुगमनका लागि स्वतन्त्र निरोधात्मक संयन्त्रको स्थापना गर्न ।
- यातनाविरुद्धको महासन्धिको ऐच्छिक प्रोटोकल अनुमोदन गर्न ।

**प◌ृष्ठभूमि**

यातनाको पीडितको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवस प्रत्येक वर्ष २६ जूनमा विश्वव्यापी रूपमा मनाइन्छ। नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) र यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक उपचार वा सजायविरुद्धको महासन्धि (CAT) अन्तर्गत नेपाल पक्ष राष्ट्र भएको नाताले यातना र अन्य दुर्व्यवहारजस्ता अपराधहरुमा अनुसन्धान, अभियोजन, सजाय दिन र प्रभावकारी उपचार तथा क्षतिपूर्ति प्रदान गर्ने दायित्व रहेको छ ।

२०७४ साल भाद्र १ गतेदेखि नेपालमा यातनालाई अपराध मानी ल्याईएको मुलुकी अपराध (संहिता) ऐन २०७४ लागु भयो । यो सकारात्मक कदमको रूपमा स्वागत गरिएको भए पनि बलपूर्बक बेपत्ता पार्ने कार्यलाई निरन्तर अपराधको प्रकृतिको रुपमा मान्यता नदिनु वा यसलाई मानवताविरुद्धको अपराधको रुपमा नलिनु र यातना मुद्दामा उजुरी गर्नका लागि ६ महिनाको हदम्याद र अपराधहरुको गम्भिरता अनुरुप अपर्याप्त दण्डसजायलगायतका केही प्रावधानहरू अन्तर्राष्ट्रिय मापदण्डको बर्खिलाप रहेको छ ।

**सम्पर्क**

फ्रेडरिक रवास्की, आईसीजे एशिया प्रशान्त निर्देशक, frederick.rawski@icj.org, +६६ ६४४७८११२१

ओम प्रकाश सेन ठाकुरी, एडभोकेसी फोरम, कार्यकारी निर्देशक, opsenthakuri@gmail.com ९८४१२७५७३२

मोहन कर्ण, थर्ड एलायंस, कार्यकारी निर्देशक, karnamohan90@gmail.com ९८४१४४९१३९